स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल
Independent Power Producers' Association, Nepal

# News Clips

www.ippan.org.np

हाम्रो गौरव, राष्ट्रको पत्रिका

गोरखापत्र

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः। सर्वे भद्राणि पश्यन्तु मा कश्चिद दुःखभाग्जनः।

# विद्युत् विधेयक फिर्ता गर्न ऊर्जा उद्यमीको माग

**गोरखापत्र समाचारदाता**

*काठमाडौँ, साउन १ गते*

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले निजी क्षेत्रका माग सम्बोधन गर्न ऊर्जा मन्त्रालयका तर्फबाट इमानदार प्रयास गर्ने बताउनुभएको छ।



**ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्का**

मङ्गलबार विद्युत् विकास विभागको ३१ औँ वार्षिकोत्सवका अवसरमा आयोजित कार्यक्रममा उहाँले १० हजार मेगावाट विद्युत् उत्पादनको लक्ष्य प्राप्तिका लागि निजी क्षेत्रलाई साथमा लिएर सरकार अगाडि बढ्ने बताउनुभएको हो।

नेपालको समृद्धिको आधार ऊर्जा क्षेत्र नै रहेको भन्दै मन्त्री खड्काले अहिले ऊर्जा क्षेत्रले वार्षिक चार/पाँच अर्ब रुपियाँ राजस्वमा योगदान पुर्‍याइरहेको र यसलाई आगामी दिनमा बढाउनेबारे सोचविचार गर्नुपर्ने बताउनुभयो। “१० हजार मेगावाट निर्यात गर्ने परिमाण पनि भविष्यमा थप बढ्दै जाने र आन्तरिक खपत पनि बढ्दै जाने भएकाले यो माग पूर्ति गर्न निजी क्षेत्रको साथ र सहयोगबिना सम्भव हुँदैन,” उहाँले भन्नुभयो, “सरकार र निजी क्षेत्र नै मिलेर यो मुलुक बनाउनु पर्छ।”

कानुनी बाध्यताका कारण भइरहेका ढिलासुस्ती तीव्र गतिमा सुधार गर्ने प्रतिबद्धता उहाँले जनाउनुभयो। बाढीले आफ्नै निर्वाचन क्षेत्रमा २५ जनाभन्दा धेरैको ज्यान गएको, धेरै विद्युत् आयोजनामा ठुलो क्षति भई प्रत्यक्ष रूपमा प्रभावित भएको सम्झना गर्दै खड्काले यसले जलविद्युत् प्रवर्धक र किसान मात्रै होइन, आमसर्वसाधारण पनि प्रभावित भएको भन्दै चिन्ता व्यक्त गर्नुभयो।

कार्यक्रममा ऊर्जा उद्यमीले संसद्मा विचाराधीन रहेको विद्युत् विधेयक फिर्ता लिएर पुनर्लेखन गर्नुपर्ने माग गरेका थिए। स्वतन्त्र ऊर्जा उत्पादकको संस्था इप्पानका उपाध्यक्ष मोहनकुमार डाँगीले विद्युत् विधेयक फिर्ता हुनुपर्ने माग गर्नुभयो।

उहाँले नवनियुक्त ऊर्जामन्त्री दीपक खड्कासामु विद्युत् विधेयक, २०८० संशोधन गरेर मात्र नपुग्ने भएकाले फिर्ता हुनुपर्ने र यसलाई पुनर्लेखन गरी पुनः पेस गर्नुपर्ने बताउनुभएको हो। नयाँ विधेयकभन्दा विद्युत् ऐन, २०४९ लाई संशोधन गरेर विद्युत् व्यापारमा निजी क्षेत्रको सहभागिता सुनिश्चित गर्दा उक्त ऐन नै सर्वमान्य हुने डाँगीको भनाइ छ।

त्यस्तै विद्युत् ऐन, २०४९ ले दिएको स्पेयर्स पार्ट्समा एक प्रतिशत भन्सारको सुविधा बजेटले कटौती गर्दा गत वर्षको बाढीले क्षति पुगेका ३१ वटा जलविद्युत् आयोजनाले भन्सार छुटमा सामान ल्याउन नपाएको प्रसङ्ग निकाल्दै डाँगीले नवनियुक्त ऊर्जामन्त्रीले यसमा सहजीकरण गर्नुपर्ने बताउनुभयो।

त्यस्तै डाँगीले निजी क्षेत्रले बाढीपहिरोलगायतका काबुबाहिरका परिस्थिति सिर्जना भएकाले सबै जलविद्युत् आयोजनाका लागि मागेको आरसिओडीको म्याद थप्ने माग सम्बोधन नभएकाले यसमा पनि मन्त्री खड्काले ध्यान दिनुपर्ने बताउनुभयो।

ऊर्जा मन्त्रालयले बनाउने विभिन्न समितिमा तीन हजार तीन सय मेगावाट विद्युत् उत्पादनमा ७० प्रतिशत हिस्सा ओगट्ने निजी क्षेत्रको प्रतिनिधित्व अनिवार्य गरेर निजी क्षेत्रका कुरा सुन्ने वातावरण बनाउनुपर्ने पनि डाँगीले माग गर्नुभयो। उहाँले सेयर बजारमार्फत जलविद्युत्मा लगानी गरेका ६० लाख लगानीकर्ताको हित हुने गरी ऊर्जा क्षेत्रसम्बद्ध सबै निकायले काम गर्नुपर्ने पनि औँल्याउनुभयो।

नेपाल समाचारपत्र

# विद्युत् विधेयक पुनर्लेखन गर्न माग

काठमाडौं, (नेस)

स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान)का वरिष्ठ उपाध्यक्ष मोहनकुमार डाँगीले संसद्मा दर्ता भएको विद्युत् विधेयक फिर्ता हुनुपर्ने बताउनुभएको छ। विद्युत् विकास विभागको ३१ औं वार्षिकोत्सवको अवसरमा आयोजित कार्यक्रममा बोल्दै डाँगीले नवनियुक्त ऊर्जामन्त्री दीपक खड्कासमक्ष विद्युत् विधेयक २०८० लाई संशोधन नभई फिर्ता हुनुपर्ने र यसलाई पुनर्लेखन नै गर्नुपर्ने बताउनुभएको हो।

विद्युत् ऐन २०४९ लाई संशोधन गरेर विद्युत् व्यापारमा निजीक्षेत्रको सहभागिता सुनिश्चित गर्दा उक्त ऐन नै सर्वमान्य हुने डाँगीको भनाइ छ। विद्युत् ऐन २०४९ ले दिएको स्पेयर्स पार्ट्समा १ प्रतिशत भन्सारको सुविधा बजेटले कटौती गर्दा गतवर्षको बाढीले क्षति पुगेका ३१ वटा जलविद्युत् आयोजनाले भन्सार छुटमा सामान ल्याउन नपाएको प्रसंग निकाल्दै डाँगीले नवनियुक्त ऊर्जा मन्त्रीले यसमा सहजीकरण गर्नुपर्ने बताउनुभयो।

त्यस्तै, डाँगीले निजी क्षेत्रले बाढी पहिरोलगायत काबु बाहिरका परिस्थिति सिर्जना भएकाले सबै जलविद्युत् आयोजनाका लागि मागेको आरसीओडीको म्याद थप्ने माग सम्बोधन नभएकाले यसमा पनि मन्त्री खड्काले ध्यान दिनुपर्ने बताउनुभयो। ऊर्जा मन्त्रालयले बनाउने विभिन्न समितिमा ३३०० मेगावाट विद्युत् उत्पादनमा ७० प्रतिशत हिस्सा ओगट्ने निजी क्षेत्रको प्रतिनिधित्व अनिवार्य गरेर निजी क्षेत्रका कुरा सुन्ने वातावरण बनाउनुपर्ने पनि डाँगीले बताउनुभयो।

कार्यक्रमलाई सम्बोधन गर्दै नवनियुक्त ऊर्जामन्त्री दीपक खड्काले निजी क्षेत्रका माग सम्बोधन गर्न ऊर्जा मन्त्रालयले इमान्दार प्रयास गर्ने बताउनुभयो। मन्त्री खड्काले नेपालको समृद्धिको आधार ऊर्जा क्षेत्र नै भएकाले अहिले नै यो क्षेत्रले वार्षिक ४/५ अर्ब रुपियाँ राजस्वमा योगदान पुऱ्याइरहेको उल्लेख गर्नुभयो।